# सहायक हाउस पेन्टरका लागि पाठचक्रम निर्देशिका

**Program Guide for Assistant House Painter**

*अन्तर्राष्ट्रिय श्रम संगठन/समयबद्ध कार्यक्रम*

*तथा*

*विश्व शिक्षा/उज्यालो भविष्य परियोजनाका*

*लागि तयार गरिएको कार्यकालीन तालीम सम्बन्धी पाठचक्रम*

*वि.सं. २०६१*

अन्तर्राष्ट्रिय श्रम संगठन
बालश्रम उन्मुलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

विश्व शिक्षा

कार्यकालीन तालीमको प्रस्तुत पाठ्यक्रम अन्तर्राष्ट्रिय श्रम संगठनको समयबद्ध कार्यक्रम तथा विश्व शिक्षाको उज्यालो भविष्य परियोजनाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको पाठ्यक्रम विकास महाशाखाद्वारा तयार गरिएको हो । पाठ्यक्रम निर्माणको पहिलो चरण अर्थात् DACUM Workshop मा नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ तथा WEAN सँग सम्बन्धित विषय विज्ञहरुको सक्रिय सहभागिता रहेको व्यहोरा सम्बन्धित सबैलाई सधन्यवाद जानकारी गराइन्छ ।

पाठ्यक्रम तयार गर्नेः *पाठ्यक्रम विकास महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् सानोठिमी, भक्तपुर ।*
**अनुवादकः *प्रदीप अधिकारी, मिष्टरकान्त मैनाली र कविता काफ्ले ।***

# सहायक हाउस पेन्टरका लागि पाठचक्रम निर्देशिका

**परिचय :**

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम अर्थात आइपेक (IPEC) र विश्व शिक्षा (World Education)ले नेपालमा हुने निकृष्ट प्रकारका बालश्रम उन्मूलनलाई प्राथमिकता दिंदै क्रमशः बालश्रम हटाउन विभिन्न  उपायलाई प्रवर्द्धन गरेका छन् । आइपेक र विश्व शिक्षाका पहलहरू सरकार, ट्रेड युनियन, रोजगारदाता संघ र गैरसरकारी संघसंस्थाको साझेदारीमा कार्यान्वयन गरिन्छन् । आइपेक (IPEC)ले प्रवर्द्धन गरेको विभिन्न नयाँ कार्यक्रमहरूमध्ये एक हो समयबद्ध कार्यक्रम (Time Bound Programme) । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १८२ मा परिभाषित विशेष प्रकारका निकृष्ट बालश्रमलाई तोकिएको समयावधि भित्र रोकथाम गर्नु समयबद्ध कार्यक्रम र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रम (Brighter Fututre Programme) को लक्ष्य हो ।

समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमको उद्देश्य श्री ५को सरकारद्वारा बालश्रम उन्मुलनका लागि बनाइएको गुरू योजनामा सहयोगीको रूपमा काम गर्नु रहेको छ । यसै सिलसिलामा यस कार्यक्रमले नेपालमा पहिचान भएका सात निकृष्ट प्रकारका बालश्रमहरूको पहिचान गरेको छ । त्यस्ता बालश्रमिकहरूमा : १. घरेलु बालश्रमिकहरू, २. बालभरियाहरू, ३. बाल बँधुवा मजदूरहरू, ४. अवैध बेचविखनमा परेका बालबालिकाहरू, ५. सडक बालबालिकाहरू (खाते), ६. गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू तथा ७. खानीमा कामगर्ने बालबालिकाहरू पर्दछन् । समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमले यस्ता बालश्रम उन्मूलनका लागि विभिन्न कदमहरू चालिरहेका छन् ।

नेपालमा अपनाइएका समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमका शैक्षिक पहलहरू बालश्रम रोकथाम गर्न र बालश्रमिकहरूलाई पुर्नस्थापित गर्न अति नै प्रभावकारी देखिएका छन् । यी दुवै कार्यक्रमले निकृष्ट प्रकारका बालश्रमबाट संयुक्त रूपमा उद्धार गरिएका सबै बालबालिका तथा युवाका लागि निशुल्क शिक्षा, उपयुक्त व्यावसायिक तालीम (Vocational Training) एवं कार्यकालीन तालीम (Apprenticeship Training) का अवसरहरूको प्रवर्द्धन गर्दछन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न ठूला उमेरका बालबालिका लागि विभिन्न व्यावसायिक क्षेत्रहरुमा कार्यकालीन तालीम (Apprenticeship Training) कार्यक्रमको रूपरेखा तयार गरेका छन् ।

**कार्यक्रमको आवश्यकता :**

नेपालमा संचालन भइरहेका विभिन्न प्राविधिक तालीमहरूका मिश्रित परिणामहरू देखिएका छन् । द्रुतगतिमा धेरै ठूलो संख्यामा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण दिने संस्थाहरू खुलेका छन् । यसको अनुपातमा भर्ना हुने युवा युवतीहरुको संख्यामा पनि वृद्धि भइरहेको छ । तर त्यसमा केही समस्याहरु देखा परेका छन् । मूख्यतः प्रशिक्षण कार्यक्रमहरु धेरै संरचनागत छन् । प्रशिक्षणको शैली चाहिं संस्थागत आधारमा बनाइएको छ । त्यस्तै विद्यार्थी भर्नालाई व्यवस्थित बनाउनका लागि न्यूनतम मापदण्ड तोकिएको हुन्छ । नेपालमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रमिकहरूको न्यून साक्षरता दरको

पृष्ठभूमीलाई विचार गर्ने हो भने व्यावसायिक प्रशिक्षण दिने त्यस्ता संस्थाहरुले आफ्नो तालीममा प्रवेश लागि तोकेका न्यूनतम मापदण्ड अति नै उच्च भएको पाइन्छ । यसको साथै यस्ता धेरै व्यावसायिक तालीम प्रतिष्ठानहरू महँगा पनि छन् । यिनै कारणहरुले समेत गर्दा निकृष्ट प्रकारका बालश्रममा लागेका बालबालिकाहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँचबाट टाढा भएका छन् । तसर्थ अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न १४ वर्षमाथिका बालबालिका लागि कार्यकालीन तालीम (Apprenticeship Training) मोडेललाई व्यावसायिक तालीम (Vocational Training) को विकल्पको रूपमा हेर्न पहल गरेका छन् ।

आइपेक (IPEC) र विश्व शिक्षाका अनुसार कार्यकालीन तालीम (Apprenticeship Training) भनेको सम्बन्धित व्यक्तिको सुपरीवेक्षणमा सञ्चालन गरिने यस्तो स्थलगत तालीम हो जसले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र कामजन्य वातावरणको अनुभव प्रदान गर्दछ । यो सिकाइ यस्तो तरिका हो जसले कम्तीमा १४ वर्ष पुगेका बालश्रमिकहरूलाई संभाव्य रोजगारदाता मार्फत् पेशागत योग्यता प्रदान गरी जीविकाका लागि वास्तविक रुपमा तयार गर्दछ । यस तालीमले प्रशिक्षार्थीहरूलाई संभाव्य रोजगारदाताहरूसँग पनि परिचय गराउन सक्छ । कार्यकालीन तालीमले युवायुवतीमा आत्मविश्वास जगाउन सक्छ र आफ्ना समुदाय तथा मुलुकका लागि निर्वाह गर्नुपर्ने सकारात्मक भूमिकाबारे स्मरण गराउन सक्छ ।

## समष्टिगत उद्देश्य :

यस कार्यक्रमको समष्टिगत उद्देश्य निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरुको उद्धार गरी उनीहरुलाई सीप तथा ज्ञान सहित रोजगारीका उचित अवसरहरु प्रदान गर्नु हो । यसका साथै उनीहरुलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, शैक्षिक, श्रम बजारका नीति आदिमा पनि संलग्न गराउनु हो ।

## अन्तिम उद्देश्यहरु

यस पाठ्यक्रम अनुसारको प्रशिक्षण पछि कार्यकालीन तालीम प्रशिक्षार्थीहरु निम्न कामहरु सम्पन्न गर्न सक्षम हुनेछन् :

- रङ्ग लगाउनु भन्दा अगाडिको तयारी गर्न सक्छन् ।
- भित्ता, काठ, कङ्क्रिटको बाहिरी भागमा रङ्ग लगाउन सक्छन् ।
- आवश्यक पुटिन र रङ्गको तयारी गर्न सक्छन् ।

## पाठ्यक्रम विवरणः

यो पाठ्यक्रम औद्योगिक प्रशिक्षार्थीहरुका लागि घर रङ्गाउने काम सम्बन्धी आधारभूत ज्ञान तथा सीप प्रदाद गर्ने उद्देश्यले तयार पारिएको हो । यसबाट औद्योगिक प्रशिक्षार्थीहरुले असंगठित तवरबाट सिनियर पेन्टरहरुको रेखदेदमा घर रङ्गाउने काममा आफ्नो क्षमता अभिवृद्धि गर्न सक्नेछन् । यो पाठ्यक्रम खास गरिकन नयाँ तथा पुरानो सतही भागहरुमा रङ्ग लगाउने सीप प्रदान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

साथसाथै यस पाठ्यक्रमले रङ्ग लगाउने कामको तयारी तथा आवश्यक पुटिन तथा रङ्ग तयार गर्ने कुराहरुमा सीप प्रदान गर्दछ ।

**लक्षित समूह :**

यस पाठचक्रमका लक्षित समुह अन्तर्गत निकृष्ट प्रकारका बालश्रममा रहेका १४ बर्ष भन्दा माथिका उमेर समूहका बालश्रमिकहरु पर्दछन् । नेपालमा निम्न निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई बालश्रमिक मानिएको छ :

- क) घरेलु बालश्रमिकहरू
- ख) बालभरियाहरू
- ग) बाल बँधुवा मजदूरहरू
- घ) अवैध बेचविखनमा परको बालबालिकाहरू
- ङ) सडक बालबालिकाहरू (खाते)
- च) गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू
- छ) खानीमा कामगर्ने बालबालिकाहरू

**प्रशिक्षार्थी संख्या :**

तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशालामा उपलब्ध सुविधाहरूको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या थपघट हुन सक्छ । तर प्रभावकारी सिकाइका लागि पाँचजना भन्दा बढि संख्या अनुपयुक्त हुन्छ ।

**तालीम प्रवेशको लागि न्यूनतम मापदण्ड :**

- क) निकृष्ट प्रकारका बालश्रमसँग सम्बन्धित हुनुपर्दछ ।
- ख) चौध देखि माथि अठार वर्ष तलको उमेरको हुनुपर्दछ ।
- ग) कार्यकालीन तालीमका लागि इच्छुक तथा प्रतिबद्ध हुनुपर्दछ ।
- घ) हालका मालिक/अभिभावकले अनुमति प्रदान गरेको हुनुपर्दछ ।
- ङ) साक्षर हुनुपर्दछ ।

**समयावधि :**

कार्यक्रमको कूल समयावधि तीन देखि पाँच महिना (हप्तामा ५ वा ६ दिन र दिनको २ वा ३ घण्टाको दरमा) अथवा तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति तथा टिविपी (TBP) कार्यक्रम चलाउने संस्थाका बीचमा भएको सम्झौता अनुसार हुनेछ । कूल समय मध्ये सैद्धान्तिक तथा प्रयोगात्मक समयको अनुपात भने २०:८० नै सुनिश्चित गरिनुपर्दछ ।

**प्रशिक्षणको माध्यम :**

प्रशिक्षणको माध्यम मूलतः नेपाली हुनेछ। प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेशिनहरुको नामहरु भने चलन चल्तीमा रहेका जुनसुकै भाषामा हुन सक्नेछ।

**न्यूनतम उपस्थितिको आवश्यकता :**

तालीम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरुले मात्र तालीममा सहभागी भएको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन्।

**प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

राष्ट्रिय सीप परीक्षण समिति (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको सीप परीक्षण महाशाखा) ले आफ्नो नियमानुसार सीप परीक्षण गरी सम्बन्धित कार्यकालीन तालीम प्रशिक्षार्थीलाई प्रमाण-पत्र प्रदान गर्ने छ।

**कार्यकालीन तालीम दिनेको योग्यता :**

कार्यकालीन तालीम प्रदान गर्ने संस्था / उद्योग / कारखाना / कार्यशाला / व्यक्ति मा देहाय अनुसारको योग्यता हुनुपर्नेछ :

क) निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई उत्साह तथा प्रेरणा जगाई प्रशिक्षण दिन सक्ने,

ख) प्रशिक्षण सम्बन्धी तालीम तथा योग्यता भएको,

ग) तालीम संचालनका लागि उपयुक्त स्थान, उपकरणहरू, औजारहरू भएको,

घ) काम गर्ने सुरक्षित वातावरण भएको, तथा

ङ) रोजगारीको अवसरहरूको संम्भावना भएको।

**प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः**

कार्यकालीन तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति ले लगातारको मूल्याङ्कन तथा अनुगमनको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीको मूल्याङ्कन गरिनेछ।

**उपकरण, औजार तथा सामाग्रीहरू :**

यस तालीम संचालनका लागि देहायका उपकरण, औजार तथा सामाग्रीहरू आवश्यक पर्दछन्। कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या, उपकरण तथा औजारको प्रयोग हुने समयको (कति पटक) आधारमा उपकरण तथा औजारहरुको आवश्यक संख्या फरक हुन सक्नेछ।

| क्र.सं. | औजार/उपकरणहरुको नामावली | एकाइ |
|---|---|---|
| १ | पत्ती (Blade) (विभिन्न साइज तथा प्रकारका) | |
| २ | बुरुस (Brush) (विभिन्न साइज तथा प्रकारका) | |
| ३ | काट्ने पत्ती (Cutting blade) | |
| ४ | खाक्सी | |
| ५ | नाप्ने फित्ता | |
| ६ | धागो | |
| ७ | कुचो/झाडु | |
| ८ | स्प्रे गन (Spray Gun) | |
| ९ | रोलर | |

## प्रशिक्षणका लागि सुझावहरु

- उद्देश्यहरुको छनौट गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - मनोकृयात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - प्रभावी क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
- विषयबस्तुको छनौट गर्ने
  - विषयबस्तुको विस्तृत अध्ययन गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - मनोकृयात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - प्रभावी क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
- शैक्षणिक विधिहरुको छनौट गर्ने
  - विविध शैक्षणिक विधिहरु :
    - शिक्षक सक्रिय विधिहरु,
    - विद्यार्थी सक्रिय विधिहरु,
    - अन्तरक्रिया विधिहरु,
    - नाटकीय विधिहरु र
    - सामग्री केन्द्रित विधिहरु ।
  - निम्न आधारमा छनौट गर्ने :
    - पाठका (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) क्षेत्रको उद्देश्यहरुका आधारमा ,
    - विषयबस्तुको स्वरुपको आधारमा ,
    - शिकारुको स्तर (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) का उद्देश्यहरुका आधारमा ,
    - प्राप्य शैक्षणिक सामग्रीहरुको आधारमा र
    - शिक्षकको अनुभव तथा पृष्ठभूमिको आधारमा ।
- विविध शैक्षणिक सामग्रीहरुको छनौट गरी उपयुक्त स्थान र समयमा प्रयोग गर्ने ।
- मूल्याङ्कन गर्ने
  - विविध मूल्याङ्कनका साधनहरु निर्माण गर्ने
  - मूल्याङ्कनका साधनहरु प्रयोग गरी संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी क्षेत्रका उद्देश्यहरु प्राप्तिका मूल्याङ्कन गर्ने
- कक्षा कोठा र फिल्ड कार्यको व्यवस्थापन र संगठनको योजना तयार गर्ने ।
- उद्देश्य, विषयबस्तु र शिक्षण विधिका वीच तालमेल गराउने ।
- पाठयोजनाहरु (सैद्धान्तिक र प्रयोगात्मक पाठयोजनाहरु) तयार गर्ने ।
- कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमको मूल्याङ्कन गर्ने ।

## प्रशिक्षार्थीका कार्य सम्पादन मूल्यानको लागि विशेष सुझाव :

- कार्य विश्लेषण गर्ने ।
- कार्य विश्लेषणको आधारमा विस्तृत कार्य सम्पादन जाँच्ने सूची तयार गर्ने ।
- 'जाँच्ने सूची' प्रयोग गरी परिक्षार्थीहरुको लगातार कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

## सीप तालीमका लागि सुझाव :

- प्रशिक्षकले कार्य सम्पादन प्रदर्शन गर्ने :
  - सामान्य गतिमा प्रदर्शन गर्ने ।
  - मन्द गतिमा हरेक क्रियाकलाप र कामहरुको बयान गर्दै प्रदर्शन गर्ने ।

- द्रुत गतिमा प्रदर्शन गर्ने ।

- प्रशिक्षार्थीलाई अभ्यासको मौका दिने :
  - सिकारुलाई पहिले हरेक कदमहरुमा सहयोग गर्दै अभ्यास गर्न सिकाउने/ लगाउने ।
  - सिकारुलाई स्वतन्त्ररुपमा गर्न सक्ने बनाउन आवश्यक संख्यामा अभ्यासहरु गर्ने मौका दिने ।
  - सिकारु सम्बन्धित सीपमा कुशल भएपछि मात्र अर्को सीप (कार्य) सिकाउने ।
- अन्य सुझावहरु :
  - सीपमूलक तालीममा सिद्धान्तहरु प्रयोग गर्ने ८०५ समय कार्य सम्पादन र २०५ समय सैद्धान्तिक प्रशिक्षणमा खर्च गर्ने ।
  - वयस्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
  - सिकारुहरुमा आन्तरिक उत्प्रेरणा जागरण गराउँदै अधिकतम सिकाई क्रियाकलापमा संलग्न गराउने ।
  - सिकारुका ज्ञान, सीप र प्रवृत्तिको आधारमा प्रशिक्षण गर्ने ।

## मुख्य कार्य तथा सीपहरुको संक्षिप्त सूची

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| क. | क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | | | |
| | क.१. भित्ताको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | १ | १ | २ |
| | क.२. छतको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | १/२ | १/२ | १ |
| | क.३. झ्याल/ढोकाको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | १/२ | १/२ | १ |
| | क.४. बीमको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | १/२ | १/२ | १ |
| | क.५. खम्बाहरुको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | १/२ | १/२ | १ |
| | क.६. लम्बाइ नाप्न सहायता गर्ने टप, भऱ्याङ, स्कर्टिङ्ग (Top, Stair-flight, skirting) | १/२ | १/२ | १ |
| ख. | औजार/उपकरण/सर-सामान पहिचान गर्ने | | | |
| | ख.१. पत्ती पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२. धातुको ब्रश पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.३. रङ्ग लगाउने ब्रश पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.४. जुत्ताको ब्रश पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.५. खाक्सी पहिचान गर्ने (Roller pech, water proof, simple) | १/२ | १/२ | १ |
| | ख.६. कुचोहरु पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.७. पुटिन (Putty) पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.८. थिनर पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.९. स्पिरीट पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.१०. तारपिनको तेल पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.११. तयार पुटिन (Hels putty) पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.१२. प्राइमर पहिचान गर्ने (रेड अक्साइड, सिमेन्ट प्राईमर, उड प्राइमर) | १/२ | १/२ | १ |
| | ख.१३. सिमेन्ट-रङ्ग पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.१४. भित्तामा लगाउने रङ्ग पहिचान गर्ने (धुन मिल्ने, | १/२ | १/२ | १ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | पाउडर) | | | |
| | ख.१५. प्लाष्टिक इमल्शन (Emulsion) पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.१६. इनामेल पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.१७. बार्निस पहिचान गर्ने (Touch Wood) | १/२ | १/२ | १ |
| | ख.१८. चपरा पहिचान गर्ने (सेतो, खैरो) | १/२ | १/२ | १ |
| | ख.१९. आल्मुनियम रङ पहिचान गर्ने (गोल्डेन, सिल्भर) | १/२ | १/२ | १ |
| | ख.२०. टेराकोटा (Terracota) पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२१. चक पाउठडर पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२२. मौसमले असर नपार्ने सर सामान पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२३. एपेक्स (Apex) पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२४. सेतो सिमेन्ट पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२५. रामतिलक पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२६. खैरो धुलो पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२७. ह्वाइटनिङ धुलो पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२८. टाँस्ने बस्तु (फेबिकोल/मोबिकोल) पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.२९. चुना पहिचान गर्ने | १/२ | १/२ | १ |
| | ख.३०. स्टेन (Stain) रंग पहिचान गर्ने | १/२ | १/२ | १ |
| ग. | औजार/उपकरण/सरसामानहरु व्यवस्थित गर्ने | | | |
| | ग.१. पत्ती सफा गर्ने | १/२ | १/२ | १ |
| | ग.२. ब्रश सफा गर्ने | १/२ | १/२ | १ |
| | ग.३. कुचो सफा गर्ने | १/२ | १/२ | १ |
| | ग.४. पालिश लगाउने ब्रश सफा गर्ने | १/२ | १/२ | १ |
| | ग.५. बाल्टिन सफा गर्ने | १/२ | १/२ | १ |
| | ग.६. तेल मिसाइएको रङ्ग संचित गर्ने | १/२ | १/२ | १ |
| | ग.७. औजारहरु संचित गर्ने | १/२ | १/२ | १ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ग.८. भित्तामा लगाउने रङ्ग संचित गर्ने | १/२ | १/२ | १ |
| | ग.९. बढी भएको सर-सामान संचित गर्ने (जस्तैः रङ्ग, इनामेल इत्यादि) | १/२ | १/२ | १ |
| घ. | तयारी अवस्थाका कामहरुको सम्पादन गर्ने | | | |
| | घ.१. खट बनाउने | १ | ३ | ४ |
| | घ.२. पुटिन तयार पार्ने | १/२ | १ | १ १/२ |
| | घ.३. भित्ता/छत/बीम/खम्बा सफा गर्ने | १/२ | १ | १ १/२ |
| | घ.४. झ्याल/ढोका सफा गर्ने | १/२ | १/२ | १ |
| | घ.५. सीमेन्ट पुटिन लगाउने | १/२ | १ | १ १/२ |
| | घ.६. काठको पुटिन लगाउने | १/२ | १ | १ १/२ |
| | घ.७. Aster अस्तर लगाउने | १/२ | १ | १ १/२ |
| | घ.८. (बाह्य सतह भागमा) एकनाससित पुटिन लगाउने | १/२ | १ | १ १/२ |
| | घ.९. (बाह्य सतह भागमा) सानोतिनो मरम्मतका लागि निर्देशन दिने (काठ/प्लाष्टर) | १/२ | १ | १ १/२ |
| ङ. | रङ्गहरु तयार गर्ने | | | |
| | ङ.१. पानी मिसाइएको प्राइमर तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.२. तेल मिसाइएको प्राइमर तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.३. सीमेन्ट-रङ्ग तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.४. डिस्टेम्पर तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.५. प्लाष्टिक इमल्शन (Emulsion) तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.६. टेराकोटा (Terracotta) तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.७. मौसमले असर नपार्ने तह तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.८. एपेक्स (Apex) तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.९. सेतो सिमेन्ट रंग तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.१०. रामतिलक तयार गर्ने | १/२ | १ | १ १/२ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ङ.११. चुना तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.१२. इनामेल तयार गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.१३. विभिन्न प्रकारका मिसावट रंगहरु बनाउन सहायता गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.१४. चपरा तयार गर्ने | १/२ | १ | १ १/२ |
| च. | सतह (Surface) मा रङ्ग लगाउने | | | |
| | च.१. प्राइमर लगाउने | १/२ | २ | २ १/२ |
| | च.२. तेल मिसाइएको प्राइमर लगाउने | १/२ | २ | २ १/२ |
| | च.३. सेतो सिमेन्ट लगाउने | १/२ | २ | २ १/२ |
| | च.४. चुना लगाउने (पहिलो कोट) | १/२ | २ | २ १/२ |
| | च.५. इनामेल लगाउने (पहिलो कोट) | १/२ | २ | २ १/२ |
| | च.६. सजावट कागज टाँस्न गर्न सहायता गर्ने | १/२ | २ | २ १/२ |
| छ. | पेशागत वृत्ति विकास गर्ने | | | |
| | छ.१. हाउस पेन्टरसँग परामर्श लिने | १ | २ | ३ |
| | छ.२. सामानहरु रहेको कार्यशालाहरुको भ्रमण गर्ने | १ | ३ | ४ |
| | छ.३. सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (जस्तै : कागजपत्र, पुस्तिका, ब्रोशियर आदि) | १ | ३ | ४ |
| | छ.४. तालीमका लागि कार्यक्रम/स्थान आदिको खोजी गर्ने | १ | ४ | ५ |
| | छ.५. तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित हुने | १ | २ | ३ |
| | छ.६. श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | १ | २ | ३ |
| | छ.७. इन्टरनेट चलाउने | १ | २ | ३ |
| ज. | अन्यसँग संचार गर्ने | | | |
| | ज.१. हाउस पेन्टरसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.२. ग्राहकसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.३. रोजगारदातासँग संचार गर्ने | १ | २ | ३ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ज.४. सहकर्मीहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.५. सुपरिवेक्षकसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.६. आपूर्तिकर्तासँग संचार गर्ने | १ | २ | ३ |
| | ज.७. आगन्तुक हरुसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.८. कनिष्ठहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.९. फलाम पसलसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.१०. टेलिफोन रीसिभ गर्ने | १ | २ | ३ |
| | जम्मा | ५६ | ९६ | १५२ |

**मुख्य कार्य (Duty) नं. १: क्षेत्रफल हिसाब गर्न सहायता गर्ने**

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | भित्ताको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | ▪ क्षेत्रफलको हिसाब (लम्बाई x चौडाई, उचाई x लम्बाई<br>▪ नापको एकाइ (फिट र मिटर)<br>▪ एकाइहरुको परिवर्तन फिटबाट मिटरमा वा मिटरबाट फिटमा<br>▪ एकाइ (वर्ग मिटर)<br>▪ कटौटी (Deduction) (झ्याल/ढोका अथवा अन्य खुला ठाँउहरु) | १ | १ | २ | |
| २. | छतको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | ▪ छतको क्षेत्रफलको हिसाब (लम्बाइ x चौडाइ) | १/२ | १/२ | १ | |
| ३. | झ्याल/ढोकाको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | ▪ झ्यल/ढोकाको क्षेत्रफलको हिसाब<br>▪ झ्याल/ढोकाको फल्याक (Panel) को क्षेत्रफलको हिसाब | १/२ | १/२ | १ | |
| ४. | बीमको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | ▪ बीमको मुखपट्टिको क्षेत्रफलको हिसाब (लम्बाइ x गहिराई, लम्बाइ x चौडाइ) | १/२ | १/२ | १ | |
| ५. | खम्बाहरुको क्षेत्रफल हिसाब गर्न सहायता गर्ने | ▪ खम्बाहरुको आयतन, वृत्ताकार, वर्गफलको हिसाब<br>▪ अर्धव्यास र व्यासको धारणा | १/२ | १/२ | १ | |
| ६. | लम्बाइ नाप्न सहायता गर्ने टप, भऱ्याङ, स्कर्टिङ (Top, Stair-flight, skirting) | ▪ रेखाको नाप र यसका एकाइहरु (फिट र मिटर) | १/२ | १/२ | १ | |

**मुख्य कार्य (Duty) नं. २: औजार/उपकरण/सर-सामान पहिचान गर्ने**

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | पत्ती पहिचान गर्ने | ▪ पत्तीको नाप र प्रकार<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| २. | धातुको ब्रश पहिचान गर्ने | ▪ धातुको ब्रशको नाप र प्रकार<br>▪ प्रयोग | १/२ | १/२ | १ | |

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ३. | रङ्ग लगाउने ब्रश पहिचान गर्ने | ▪ रङ्ग लगाउने ब्रशको नाप र प्रकार<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ४. | जुत्ताको ब्रश पहिचान गर्ने | ▪ जुत्ताको ब्रशको नाप र प्रकार<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ५. | खाक्सी पहिचान गर्ने ( रोलर पिच, वाटर प्रुफ, साधारण) | ▪ खाक्सीको प्रकार र श्रेणी<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ६. | कुचो पहिचान गर्ने | ▪ कुचोको प्रकार<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ७. | पुटिन ब्लेड पहिचान गर्ने | ▪ पुटिन ब्लेड को नाप र प्रकार<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ८. | थिनर (Thinner) पहिचान गर्ने | ▪ थिनरको विशेषता<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ९. | स्पिरीट (Spirit) पहिचान गर्ने | ▪ स्पिरीटको विशेषता<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| १०. | तारपिनको तेल पहिचान गर्ने | ▪ तारपिनको तेलको विशेषता<br>▪ प्रयोग | १/२ | १/२ | १ | |
| ११. | तयार पुटिन (Hels putty) पहिचान गर्ने | ▪ तयार पुटिन (Hels putty) को विशेषता | १/२ | १/२ | १ | |
| १२. | प्राइमर (रेड अक्साइड, सिमेन्ट प्राइमर, उड प्राइमर) पहिचान गर्ने | ▪ प्राइमरका प्रकारहरु (Red oxide, cement primer, wood primer)<br>▪ प्राइमरका विशेषताहरु (Red oxide, cement primer, wood primer)<br>▪ प्राइमर लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| १३. | सीमेन्ट रङ्ग पहिचान गर्ने | ▪ सीमेन्ट रङ्गका विशेषता<br>▪ सीमेन्ट रङ्ग लगाउनुका उद्देश्य | १/२ | १/२ | १ | |
| १४. | भित्तामा लगाउने रङ्ग पहिचान गर्ने (धुन मिल्ने, पाउडर) | ▪ भित्तामा लगाउने रङ्गका विशेषता<br>▪ भित्तामा रङ्ग लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| १५. | प्लाष्टिक इमलशन (Emulsion) पहिचान गर्ने | ▪ प्लाष्टिक इमलशनका विशेषता<br>▪ प्लाष्टिक इमलशन लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| १६. | इनामेल पहिचान गर्ने | ▪ इनामेलको विशेषता | १/२ | १/२ | १ | |

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ इनामेल लगाउनुको उद्देश्य | | | | |
| १७. | बार्निस (Touch wood) पहिचान गर्ने | ▪ बार्निस (Touch wood) को विशेषता<br>▪ बार्निस लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| १८. | चपरा पहिचान गर्ने (सेतो, खैरो) | ▪ चपरा (सेतो, खैरो) को विशेषता<br>▪ चपरा लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| १९. | आल्मुनियम रङ्ग पहिचान गर्ने (गोल्डेन, सिल्भर) | ▪ आल्मुनियम रङ्ग (गोल्डेन, सिल्भर) को विशेषता<br>▪ आल्मुनियम रङ्ग लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| २०. | टेराकोटा (Terracotta) पहिचान गर्ने | ▪ टेराकोटा (Terracotta) को विशेषता<br>▪ टेराकोटा लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| २१. | चक-पाउडर पहिचान गर्ने | ▪ चक-पाउडरको विशेषता<br>▪ चक-पाउडर लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| २२. | Weather-Proof पहिचान गर्ने | ▪ Weather-proof को विशेषता<br>▪ Weather-proof को उद्देश्य | १/२ | १/२ | १ | |
| २३. | एपेक्स (एक्सल) पहिचान गर्ने | ▪ एपेक्स (एक्सल) को विशेषता<br>▪ एपेक्स (एक्सल) को उद्देश्य | १/२ | १/२ | १ | |
| २४. | सेतो सिमेन्ट पहिचान गर्ने | ▪ सेतो सिमेन्ट को विशेषता<br>▪ सेतो सिमेन्ट को उद्देश्य | १/२ | १/२ | १ | |
| २५. | रामतिलक पहिचान गर्ने | ▪ रामतिलकको विशेषता<br>▪ रामतिलक लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| २६. | खैरो धुलो पहिचान गर्ने | ▪ खैरो धुलो को विशेषता<br>▪ खैरो धुलो को उद्देश्य | १/२ | १/२ | १ | |
| २७. | सेतो धुलो पहिचान गर्ने | ▪ सेतो धुलो को विशेषता<br>▪ सेतो धुलो को उद्देश्य | १/२ | १/२ | १ | |
| २८. | टाँस्ने बस्तु (फेबिकोल, मोबिकोल) पहिचान गर्ने | ▪ टाँस्ने बस्तुको विशेषता<br>▪ टाँस्ने बस्तु प्रयोग गर्नुको उद्देश्य | १/२ | १/२ | १ | |
| २९. | चुना पहिचान गर्ने | ▪ चुनाको विशेषता<br>▪ चुना लगाउनुको उद्देश्य | १/२ | १/२ | १ | |
| ३०. | स्टेन (रंग) (Stain) पहिचान गर्ने | ▪ स्टेन को विशेषता<br>▪ स्टेन प्रयोग गर्नुको उद्देश्य | १/२ | १/२ | १ | |

मुख्य कार्य (Duty) नं. ३: औजार/उपकरण/सर-सामान व्यवस्थित गर्ने

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | पत्ती सफा गर्ने | ▪ सफा गर्ने सामानहरु (पानी, तेल, साबुन, ब्रुश)<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १/२ | १ | |
| २. | ब्रुश सफा गर्ने | ▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १/२ | १ | |
| ३. | कुचो सफा गर्ने | ▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १/२ | १ | |
| ४. | पालिश लगाउने ब्रश सफा गर्ने | ▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १/२ | १ | |
| ५. | बाल्टिन सफा गर्ने | ▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १/२ | १ | |
| ६. | तेल मिसाइएको रङ्ग संचित गर्ने | ▪ हावा नपस्ने किसिमबाट बट्टाको बिर्को बन्द गर्ने तरिका<br>▪ सञ्चालन<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १/२ | १ | |
| ७. | औजारहरु संचित गर्ने | ▪ औजार लिने/दिने सम्बन्धी व्यवस्था<br>▪ औजारहरुको अवस्था ( बिग्रिएको वा खराबी आएको, सफा गरिएको/नगरिएको)<br>▪ औजार-बाकसमा सामानहरु मिलाएर राख्ने प्रक्रिया<br>▪ सुरक्षा सम्बन्धी जानकारी | | | | |
| ८. | भित्तामा लगाउने रङ्ग संचित गर्ने | ▪ हावा नपस्ने किसिमबाट बट्टाको बिर्को बन्द गर्ने तरिका<br>▪ सञ्चालन<br>▪ सुरक्षा सम्बन्धी जानकारी | | | | |
| ९. | बढी भएको सामानहरु संचित गर्ने (रङ्ग, इनामेल आदि) | ▪ बढी भएको सामानहरु फिर्ता गरी यसको उचित भण्डारणको प्रविधि बारे जानकारी | | | | |

मुख्य कार्य (Duty) नं. ४: तयारी अवस्थाका कामहरुको प्रदर्शन

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | खट बनाउने | ▪ परिचय | १ | ३ | ४ | |

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ खटका प्रकारहरु<br>▪ खट बनाउनुको उद्देश्य<br>▪ बनाउने प्रक्रिया<br>▪ सुरक्षा सम्बन्धी जानकारी | | | | |
| २. | पुटिन तयार गर्ने | ▪ आवश्यक सामानहरुको संकलन<br>▪ तयारी गर्ने प्रविधि | १/२ | १ | १<sup>१</sup>/२ | |
| ३. | भित्ता/छत/बीम/खम्बा सफा गर्ने | ▪ औजार एवं अन्य सामानहरुको सफाई<br>▪ सफाइको तरिका | १/२ | १ | ११/२ | |
| ४. | झ्याल/ढोका सफा गर्ने | ▪ रङ्ग लगाउनुभन्दा अगाडि र रङ्ग लगाइसकेपछिको झ्याल/ढोकाको सफाइ | १/२ | १ | ११/२ | |
| ५. | सिमेन्ट पुटिन लगाउने | ▪ लगाउने तरिका | १/२ | १ | ११/२ | |
| ६. | काठको पुटिन लगाउने | ▪ लगाउने तरिका | १/२ | १ | ११/२ | |
| ७. | अस्तर लगाउने | ▪ लगाउने तरिका | १/२ | १ | ११/२ | |
| ८. | सतहमा एकनाससित पुटिन लगाउने | ▪ सतहलाई एकनासको बनाउने तरिका | १/२ | १ | ११/२ | |
| ९. | सतहको सानोतिनो मरम्मतका लागि निर्देशन दिने (काठ/प्लाष्टर) | ▪ काठ तथा प्लाष्टरका सम्भावित खराबीहरु<br>▪ सानोतिनो खराबीको पहिचान | १/२ | १ | ११/२ | |

**<u>मूख्य कार्य (Duty) नं. ५</u>: रङ्गहरु तयार गर्ने**

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | पानी मिसाइएको प्राइमर तयार गर्ने | ▪ पानी मिसाइएको प्राइमरमा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १ | ११/२ | |
| २. | तेल मिसाइएको प्राइमर तयार गर्ने | ▪ तेल मिसाइएको प्राइमरमा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १ | ११/२ | |
| ३. | सिमेन्ट रङ्ग तयार गर्ने | ▪ सिमेन्ट रङ्गमा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | १ | ११/२ | |

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ४. | डिस्टेम्पर तयार गर्ने | ▪ डिस्टेम्पर मा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| ५. | प्लाष्टिक इमल्शन (Emulsion) तयार गर्ने | ▪ प्लाष्टिक इमल्शनमा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| ६. | टेराकोटा (Terracotta) तयार गर्ने | ▪ टेराकोटामा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| ७. | मौसमले असर नपार्ने तह तयार गर्ने | ▪ मौसमले असर नपार्ने तह मा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| ८. | एपेक्स तयार गर्ने | ▪ एपेक्स मा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| ९. | सेतो सिमेन्ट तयार गर्ने | ▪ सेतो सिमेन्ट मा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| १०. | रामतिलक तयार गर्ने | ▪ रामतिलकमा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| ११. | चुना तयार गर्ने | ▪ चुनामा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| १२. | इनामेल तयार गर्ने | ▪ इनामेलमा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| १३. | विभिन्न प्रकारका मिसावट रंगहरु बनाउन सहायता गर्ने | ▪ मुख्य रङ्गहरु (धारणामात्र)<br>▪ रङ्ग मिसाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |
| १४. | चपरा तयार गर्ने | ▪ चपरामा रहेका तत्वहरु<br>▪ मिसाउने अनुपात<br>▪ सुरक्षा सम्बन्धी जानकारी | $^{१}/_{२}$ | १ | $१^{१}/_{२}$ | |

**मुख्य कार्य (Duty) नं. ६: रङ्गहरु तयार गर्ने**

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | प्राइमर लगाउने | ▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | २ | २ १/२ | |
| २. | तेल मिसाइएको प्राइमर लगाउने | ▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | २ | २ १/२ | |
| ३. | सेतो सिमेन्ट लगाउने | ▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | २ | २ १/२ | |
| ४. | चुना लगाउने (पहिलो कोट) | ▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | २ | २ १/२ | |
| ५. | इनामेल लगाउने (पहिलो कोट) | ▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | २ | २ १/२ | |
| ६. | रंगीन कागज टाँस्न सहायता गर्ने | ▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी जानकारी | १/२ | २ | २ १/२ | |

**मूख्य कार्य (Duty) नं. ७: पेशागत वृत्ति विकास गर्ने**

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | हाउस पेन्टर सँग परार्मश लिने | ▪ हाउस पेन्टरहरुसँग पेशाको खोजी सम्बन्धी गरीने क्रियाकलापहरुको महत्व | १ | २ | ३ | |
| २. | अन्य कार्यशालाहरुको भ्रमण गर्ने | ▪ अन्य कार्यशालाहरुको भ्रमण गर्नुको फाइदा | १ | ३ | ४ | |
| ३. | सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर) | ▪ पेशासँग सम्बन्धित कागजहरु, पुस्तिका, सीट आदिको अध्ययनबाट हुने फाइदा | १ | ३ | ४ | |
| ४. | तालीमका लागि कार्यक्रम/स्थान आदिको खोजी गर्ने | ▪ व्यावसायिक बन्नुपनि आवश्यकता<br>▪ पेशागत रुपबाट संस्थाभित्र तथा संस्था बाहिर अगाडि बढ्ने मौकाको महत्व | १ | ४ | ५ | |
| ५. | श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | ▪ टि.भी. च्यानल, श्रव्य-दृश्य सामाग्रीहरुसँग परिचय<br>▪ श्रव्य-दृश्यबाट सिकिने कुराहरुको महत्व | १ | २ | ३ | |
| ६. | तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित | ▪ बढुवाका लागि तालीमको महत्व | १ | २ | ३ | |

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | हुने | ▪ पुर्नताजगी तालीमका लागि तालीम दिने व्यक्ति/संस्थाको खोजी | | | | |
| ७. | इन्टरनेट चलाउने | ▪ कम्प्यूटर बारेको जानकारी<br>▪ इन्टरनेट चलाउने प्रविधी | १ | २ | ३ | |

**मुख्य कार्य (Duty) नं. ८: अन्यसँग संचार गर्ने**

| क.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | हाउस पेन्टरसँग संचार गर्ने | ▪ संचारको अर्थ र महत्व<br>▪ संचारका प्रकारहरु (मौखिक, सांकेतिक रुपमा, लिखित)<br>▪ मौखिक संचारको प्रविधि<br>▪ सहयोगात्मक कामका लागि संवाद<br>▪ सूचना आदान-प्रदान<br>▪ वरिष्ठ पदाधिकारीहरुसँग कामबारे अग्रिम छलफल<br>▪ संवादका लागि उपयूक्त भाषाको प्रयोग (तल्ला तथा उच्च तहका कर्मचारीहरुसँग) | १ | २ | ३ | |
| २. | ग्राहकसँग संचार गर्ने | ▪ ग्राहकहरुको कुरा र उनीहरुको विचारको महत्व (विचार दिने, अस्पष्ट कुराहरु समाधानका उपाय) | १ | २ | ३ | |
| ३. | रोजगारदाताहरुसँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुस्। | १ | २ | ३ | |
| ४. | सहकर्मीहरुसँग संचार गर्ने | ▪ दिइएको कामका बारेमा सहकर्मीहरुसँग छलफल गर्नुको महत्व | १ | २ | ३ | |
| ५. | सुपरिवेक्षकसँग संचार गर्ने | ▪ कार्य नं. १ हेर्नुस्। | १ | २ | ३ | |
| ६. | आपूर्तीकर्तासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुस्। | १ | २ | ३ | |
| ७. | आगन्तुकहरुसँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुस्। | १ | २ | ३ | |
| ८. | कनिष्ठहरुसँग संचार गर्ने | ▪ कार्य नं. ४ हेर्नुस्। | १ | २ | ३ | |
| ९. | फलाम पसलसँग संचार गर्ने | ▪ माग र पूर्तिको अर्डर<br>▪ बिल/भर्पाइ<br>▪ सामानको आपूर्ति र डेलिभरी | १ | २ | ३ | |

<table>
<tr><th rowspan="2">क.सं.</th><th rowspan="2">सीपहरु<br>(Competencies)</th><th rowspan="2">सम्बन्धित प्राविधिक ज्ञान<br>(Related Technical Knowledge)</th><th colspan="3">समय<br>(घन्टामा)</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>सै.</th><th>प्रयो.</th><th>जम्मा</th></tr>
<tr><td>१०.</td><td>टेलिफोन रीसिभ गर्ने</td><td>▪ टेलिफोनको अर्थ, महत्व र काम<br>▪ टेलिफोन रीसिभ गर्ने प्रविधी<br>▪ टेलिफोन रीसिभ गर्ने तरिका<br>▪ खबर लेख्ने प्रविधी</td><td>१</td><td>२</td><td>३</td><td></td></tr>
</table>